मिति २०६८।२।२६ मा बसेको मन्त्रिपरिषद आर्थिक तथा पूर्वाधार समितिको बैठकबाट स्वीकृत कार्यविधि

# सयजनाभन्दा बढी विदेशी राहदानीबाहक पर्यटक हवाई मार्गबाट भित्र्याउने निकायलाई दिईने अनुदान सम्बन्धी कार्यविधि, २०६८

पर्यटन क्षेत्रको विकासबाट मुलुकको समग्र आर्थिक समुन्नतीको लागि विदेशी मुद्रा आर्जन तथा रोजगारीको अवसर बृद्धि गरी राष्ट्रिय अर्थतन्त्रलाई सबल र सुदृढ बनाउने उद्देश्यले कुनै निकायले एक पटकमा सय जना भन्दा बढी हवाई मार्गबाट नेपाल आउने विदेशी राहदानीबाहकलाई सहभागी गराई सभा, सम्मेलन, गोष्ठि, बैठक वा अन्तर्क्रिया आयोजना गरेमा त्यस्ता आयोजकलाई सहयोग स्वरुप नेपाल सरकारका तर्फबाट रु. ५ लाख नगद अनुदान उपलब्ध गराउने आर्थिक बर्ष २०६७।६८ को बजेट कार्यक्रममा उल्लेख गरिएको । उक्त अनुदान रकम सरल, सहज र पारदर्शी रुपमा उपलब्ध गराउने प्रयोजनको लागि नेपाल सरकारबाट "सय जना भन्दा बढी विदेशी राहदानीबाहक पर्यटक हवाई मार्गबाट भित्र्याउने निकायलाई दिईने अनुदान सम्बन्धी कार्यविधि, २०६८" तर्जुमा गरी लागु गरिएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** १. यस कार्यविधिको नाम "सय जना भन्दा बढी विदेशी राहदानीबाहक पर्यटक हवाईमार्गबाट भित्र्याउने निकायलाई दिईने अनुदान सम्बन्धी कार्यविधि, २०६८" रहेको छ ।

२. यो कार्यविधि २०६७ मार्ग ४ गतेबाट प्रारम्भ भएको मानिनेछ ।

२. **<u>परिभाषा :</u>** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "मन्त्रालय" भन्नाले नेपाल सरकार, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सम्झनु पर्दछ ।

(ख) "अनुदान" भन्नाले सयजना भन्दा बढी विदेशी राहदानीबाहक पर्यटक हवाई मार्गबाट भित्र्याउने निकायलाई दिईने रकम सम्झनु पर्दछ ।

(ग) "पर्यटक" भन्नाले हवाईमार्गबाट कुनै सभा, सम्मेलन, गोष्ठि, बैठक वा अन्तर्क्रियाको लागि नेपाल आउने विदेशी राहदानीबाहक सहभागीलाई सम्झनु पर्दछ ।

(घ) "निकाय" भन्नाले प्रचलित नेपाल कानून बमोजिम दर्ता भएका संघ, संस्थाहरु, व्यापारिक फर्म आदिलाई सम्झनु पर्दछ ।

३. कार्यविधिको उद्देश्यः यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ :

(क) अनुदानलाई उद्देश्यमुलक, पारदर्शी तरिकाले सहज रुपमा उपलब्ध गराउने पद्धती निर्माण गर्न सघाउ पुर्‍याने ।

(ख) अनुदान उपलब्ध गराउने आधार र प्रकृयाबारे स्पष्ट गराउने,

(ग) अनुदान संग सम्बन्धित संस्था तथा निकायको कार्य जिम्मेवारीमा स्पष्टता ल्याउने ।

४. **अनुदानको लागि जिम्मेवार मन्त्रालय :** १. यस कार्यविधि अनुसार उपलब्ध गराउने अनुदानको निकासा, खर्च, लेखापरीक्षण आदिको उत्तरदायित्व मन्त्रालयको हुनेछ ।

२. अनुदान प्राप्त गर्ने निकायले यस कार्यविधि अनुसार तोकिएको कागजात मन्त्रालय समक्ष पेश गर्नुपर्नेछ ।

५. **अनुदानको लागि ग्राह्य हुने निकाय :** प्रचलित कानून बमोजिम दर्ता भएका संघ संस्था तथा फर्महरु यस कार्यविधि अनुसार प्राप्त अनुदानका लागि ग्राह्य हुनेछन् ।

६. **कार्यक्रमबारे निकायले पूर्व जानकारी दिनु पर्ने :** सभा, सम्मेलन, गोष्ठि, वैठक वा अन्तर्क्रिया आयोजना गर्न लागेको निकायले त्यसको पूर्व जानकारी मन्त्रालयलाई दिनुपर्नेछ ।

७. **अनुदान माग गर्दा संलग्न हुनुपर्ने कागजातहरु :** यस कार्यविधि अनुसार अनुदान माग गर्ने निकायले देहाय बमोजिम बिबरण खोली अनुसूची १ बमोजिमको निवेदन साथ अनुसूची २ को बिबरण भरी संलग्न गनुपर्नेछ :

(क) सभा, सम्मेलन, गोष्ठि, वैठक वा अन्तर्क्रियामा हने बिषयको ब्रोसियर वा कार्यक्रमसंग सम्बन्धित अन्य सामाग्री,

(ख) १०० जनाभन्दा बढी नेपाल भित्रिने स्पष्ट आधार सहितको कागजात,

(ग) सभा, सम्मेलन, गोष्ठि, बैठक वा अन्तर्क्रिया भएको स्थान, मिति र अवधि,

(घ) सभा, सम्मेलन, गोष्ठि बैठक वा अन्तर्क्रियाका लागि आमन्त्रण गरिएको पत्र,

(ङ) सभा, सम्मेलन, गोष्ठि, वा अन्तर्क्रियाका लागि खर्च व्यहोर्ने निकाय वा व्यक्ति,

(च) विदेशी राहदानीबाहकको नाम, पासपोर्ट नम्बर, फ्लाईट नम्बर तथा अध्यागमन कार्यालयबाट आगमन उल्लेख भई छाप लागेको पासपोर्टको प्रतिलिपि ।

८. **अनुदान माग गर्दा पुरा गर्नुपर्ने शर्तहरु :** यस कार्यविधि बमोजिम अनुदान माग गर्दा देहाय बमोजिमका शर्तहरु पुरा गरेको हुनुपर्दछ :

(क) हवाई मार्गबाट आएको हुनुपर्ने,

(ख) सहभागी राहदानीबाहक हुनुपर्ने,

(ग) सभा, सम्मेलन, गोष्ठि, बैठक वा अन्तर्क्रियामा सहभागी हुने उद्देश्यले आएको हुनुपर्ने,

(घ) आयोजक संस्थाले आयोजना गरेको एउटै सभा, सम्मेलन, गोष्ठि, बैठक वा अन्तरक्रियामा सय जना सहभागी भएको हुनुपर्ने,

(ङ) कार्यक्रम सम्पन्न भएको ७ (सात) दिन भित्र रकमको लागि निवेदन दिनुपर्ने ।

९. **अनुदान रकम समयमै उयलब्ध गराउने :** मन्त्रालयले प्राप्त निवेदनको छानविन गरी ७ दिन भित्र सम्बन्धित निकायलाई भुक्तानी गर्ने छ ।

१०. **अनुदान रकम अर्थ मन्त्रालयले उपलब्ध गराउने :** १. यस कार्यविधि अनुसार उपलब्ध गराउनु पर्ने रकम अर्थ मन्त्रालयले पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई उपलब्ध गराउनेछ ।

११. **झुठ्ठा बिबरण पेश गरेबापत हुने सजाय :** यस कार्यविधिमा उल्लेख भएका शर्त पुरा नगरी कुनै निकायले अनुदान प्राप्त गरेको ठहरिएमा उक्त अनुदान रकम मन्त्रालयले असुल गरी त्यतीकै रकम बराबर जरिवाना असुल उपर गरिनेछ ।

१२. **थपघट र हेरफेर :** यस कार्यविधिका प्रावधानलाई कार्यान्वयनका क्रममा कुनै अवरोध र अस्पष्टता भएमा त्यस्तो बाधा अड्चन फुकाउने प्रयोजनको लागि मन्त्रालयले अर्थ मन्त्रालयको सहमतिमा यस कार्यविधिमा आवश्यकता अनुसार व्याख्या, थपघट, संशोधन वा हेरफेर गर्न सक्नेछ ।

अनुसूची-१

## निवेदनको ढाँचा

श्री पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय,
सिंहदरवार ।

**बिषय : अनुदान रकम उपलब्ध गराउने बारे ।**

उपर्युक्त बिषयमा बजेट वक्तव्यको बुँदा नं. ८६ मा उल्लेख भए बमोजिम यस ...... ....... ................................. संस्था/निकायले बिदेशी राहादानीबाहक सय जना पर्यटक हवाई मार्गबाट भित्रयाई...................................सभा, सम्मेलन, गोष्ठि, बैठक वा अन्तर्क्रिया आयोजना गरेकोले रु. पाँच लाख सहयोग पाउन अनुरोध गर्दछु । सय जनाभन्दा बढी विदेशी राहदानीबाहक पर्यटक हवाई मार्गबाट भित्र्याउने निकायलाई दिईने अनुदान सम्बन्धी कार्यविधि, २०६८ अनुसार अनुसूची २ को विवरण संलग्न छ ।

१. कार्यक्रमको नाम :

२. कार्यक्रम आयोजक संस्था :

३. कार्यक्रमको स्पोन्सर भए सोको नाम :

४. कार्यक्रम संचालन भएको

| | स्थान | मिति | |
|---|---|---|---|
| | | देखि | सम्म |
| १ | | | |
| २ | | | |
| ३ | | | |

६. विदेशी राहदानीबाहक हवाई मार्गबाट आएका सहभागीको संख्या :

७. अन्य सहभागीको संख्या :

८. कूल सहभागी संख्या :

निवेदक

अनुसूची २

**हवाईमार्गबाट आएका राहदानीबाहक सहभागीको बिबरण**

| सि.नं. | विदेशी सहभागीको नाम | सहभागी मुलुक | राहदानी नं. | आएको मिति | फर्केको मिति | बसेको होटलको नाम | हवाई उडान | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | आगमन | प्रस्थान | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |